नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
बर्दिया
(कार्यक्षेत्रः बर्दिया र बाँके)

फोन नं ०८४- ४६०१४९, ०८४-४२०१०७
इमेलः pmamp.piu.bardiya@gmail.com
वेबसाइटः www.piubardiya.pmamp.gov.np

प.स. २०८३/०८४
च.न.

**न्युनतम समर्थन मुल्यमा धान खरिद र व्यवस्थापन गर्न चाहने सहकारी संस्थाहरु सूचिकृत हुने सम्बन्धि सूचना**

सूचना नं १०

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०५/३०

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम व्यवस्थापन एकाइ, खुमलटार, ललितपुरको मिति २०८३/०५/०९ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०२/११ को निर्णयानुसार चालु आ.व. २०८३/८४ को लागि मोटा धानको प्रति क्वीन्टल रु. ३६६०/- र मध्यम धानको प्रति क्वीन्टल रु. ३८६०/- न्युनतम समर्थन मुल्य तोकिएकोले बर्दिया र बाँके जिल्ला भित्रका इच्छुक सहकारी संस्थाहरुले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०७/०४ को निर्णयबाट स्वीकृत "न्युनतम समर्थन मुल्यमा धान खरिद र व्यवस्थापन गर्ने निर्देशिका, २०७७" मा भएको प्रावधान बमोजिम निर्देशिकामा उल्लिखित तपसिल अनुसारका आवश्यक विवरण र कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात मिति २०८३/०६/१३ गते सम्म यस कार्यालयमा सूचिकृत हुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिलः</u>

- सूची दर्ता गरि पाउँ भनी निवेदन
- सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
- सहकारी संस्थाको स्थायी लेखा नं र आ.व. २०८२/८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
- सहकारी संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि
- सहकारी संस्थाको कार्यक्षेत्र, शेयर पूँजी, कारोबार रकम खुलाइएको कागजात
- खरिद गर्न चाहेको धानको परिमाण र किसिम
- धान खरिद गर्न चाहेको स्थानिय तह र वडाहरु खुलाएको विवरण
- धान खरिदको लागि आवश्यक रकमको स्रोतको विवरण
- खरिद गरेको धानको भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण
- धान खरिद, ढुवानी, भण्डारण, प्रशोधन एवं बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण
- धान खरिद, बिक्रीको लागि आवश्यक अन्य विवरण

युवराज वि.क.
कृषि अधिकृत

नोटः धानको भण्डारण सुरक्षा र प्याकेजिङ्ग लगायतका खर्च व्यवस्थापनका लागी प्रति क्वीन्टल रु. ११२/- (एक सय बाह्र मात्र) रुपैयाको दरले खरिद गरेको धानको परिमाण बमोजिम हुन आउने अनुदान रकम कार्यालयले सहकारी संस्थालाइ उपलब्ध गराउने छ ।